गाउँ सभाको मिति २०७५ असार १० गते आईतबारको बैठकमा

उपाध्यक्ष श्री मन्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७५।७६ का

राजस्व र व्ययको अनुमान

# बजेट बक्तब्य

सुर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

प्रदेश नं. ३

१० असार २०७५

सुर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

१. गाउँपालिकाको गठन भएको करिब एक वर्ष पुरा हुँदा धेरै महत्वपूर्ण कार्यहरु अगाडि बढेका छन् । संघीयता कार्यान्वयनका सवालमा हामी विल्कुल कोरा अवस्थामा छौँ । त्यसैले व्यवहारिक अभ्यासबाट सिक्दै जाने र कमिकमजोरी सच्याउँदै अघि बढ्ने क्रममा हामिले एक वर्षको यात्रा तय गरिसकेका छौँ । आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सहितका यस विवरण सुशासित र समृद्ध सुर्यगढी निर्माणको मूल उद्देश्य बोकेर आजकै सभामा प्रस्तुत भएको आ.व.२०७५।७६ को नीति तथा कार्यक्रमद्वारा परिलक्षित रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

सभाका सभाध्यक्ष महोदय,
अब म चालु आर्थिक वर्षको राजस्व र खर्चका विषयमा यस गाउँपालिकाको अवस्थाको विवरण संक्षिप्त रुपमा अवगत गराउन चाहन्छु :-

२. आर्थिक वर्ष २०७४।७५ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ संघिय सरकारबाट प्राप्त अनुदान रकम रु. ११,७६,९६,०००।- (एघार करोड छैहत्तर लाख छयाननब्बे हजार) र शसर्त अनुदान तर्फ रकम रु.६,६९,११,०००।- (छ करोड उनान सत्तरी लाख एघार हजार) गरी नेपाल सरकारबाट जम्मा रकम रु.१८,४६,०७,०००।- (अठार करोड छयालीस लाख) प्राप्त भएको थियो ।
आन्तरिक आय रकम रु. १५,००,०००।- (पन्ध्र लाख) संकलन गर्ने लक्ष्य लिईएको थियो, भने अन्य आयको रुपमा रकम रु. १०,००,०००।- (दश लाख) प्राप्त हुने अनुमान लिईएको थियो । गाउँपालिकाको सञ्चित कोषमा रहेको गत वर्षको मौज्दात रकम रु. ६२,००,०००।- (बैसठ्ठी लाख) समेत गरि कुल रकम **रु.१९,३३,०७,०००। (उन्नाईस करोड तेत्तीस लाख सात हजार)** को आय व्ययको विवरण तर्जुमा गरि यस सम्मानित सभाबाट पारित भई कार्यान्वयनमा गएको थियो । यस क्रममा सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को वार्षिक कार्यक्रमले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरु अधिकाशं कार्यान्वयन भैसकेका छन भने केहि हुँदै छन । चालु आर्थिक वर्षको अन्त्य सम्ममा चालु तर्फ विनियोजित कुल रकम ९,५४,८१,०००।- (नौ करोड चौवन्न लाख एकासी हजार) को ९० प्रतिशत तथा पुँजिगत तर्फ विनियोजित कुल रकम रु. ९,७८,२६,०००।- (नौ करोड अठहत्तर लाख छब्बीस हजार) को ८५ प्रतिशत खर्च हुन सक्ने देखिएको छ । समग्र नतिजा चालु आर्थिक वर्षको अन्त्यसम्ममा प्राप्त हुने अपेक्षा गरेको छु ।

**सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

३. सुर्यगढी गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व.२०७५।७६ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७५।७६ को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु ।

४. आ.व.२०७५।७६ मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु. ६,३३,००,०००।- (छ करोड तेत्तीस लाख), सशर्त अनुदान तर्फ रकम रु. ८,८१,००,०००।- (आठ करोड एकासी लाख), राजश्व बाँडफाँड बाट ४,४१,१६,०००।- (चार करोड एकचालिस लाख सोह्र हजार) प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.७७,००,०००।- (सतहत्तर लाख), सशर्त अनुदान तर्फ रकम रु. ३,१७,७०,०००।- (तीन करोड सत्र लाख सत्तरी हजार), राजश्व बाँडफाँडबाट रकम रु. ६०,७१,०००।- (साठी लाख एकहत्तर हजार) प्राप्त हुने अनुमान गरिएको छ ।

आन्तरिक आय तर्फ रकम रु. २५,००,०००।- (पच्चीस लाख) राजस्व संकलन हुने अनुमान गरिएको छ । भने गत वर्षको मौज्दात रकम रु. १,२०,००,०००।- (एक करोड बीस लाख) गरी चालु आ.व. २०७५।७६ को कुल बजेट रकम रु. २५,५५,५७,०००।- (पच्चीस करोड पचपन्न लाख सन्ताउन्न हजार) प्रस्ताव गरेको छु ।

५. कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च रु. ४,९९,९८,०००।- (चार करोड उनानसय लाख अन्ठाननब्बे हजार हजार) तथा पुँजिगत खर्च ५,४९,१६,०००।- (पाँच करोड उनानपचास लाख सोह्र हजार) गरी जम्मा रकम रु.१०,४९,१४,०००।- (१० करोड उनानपचास लाख चौध हजार) विनियोजन गरिएको छ । वडा समितिहरुको प्रशासनिक तथा साधारण खर्च रकम रु. १,२५,४३,०००।- (एक करोड पच्चीस लाख त्रिचालीस हजार) विनियोजन गरिएको छ भने बस्ती तथा वडा स्तरबाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पुँजिगत खर्च तर्फ रकम रु.५,००,००,०००।- ( पाँच करोड) विनियोजन गरिएको छ ।

समग्रमा गाउँपालिकाको आगामि आ.व. २०७५।७६ को चालु तर्फ रकम रु.१४,९२,६७,०००।- (चौध करोड बयाननब्बे लाख सतसठ्ठी हजार) तथा पुजिँगत तर्फ रकम रु.१०,६२,९०,०००।- (दश करोड बैसठ्ठी लाख नब्बे हजार) विनियोजन गरिएको छ ।

६. संघीय सरकारबाट प्राप्त शशर्त अनुदान तर्फको रकम रु.८,८१,००,०००।- (आठ करोड एकासी लाख) र प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान तर्फको रकम रु.३,१७,७०,०००।- (तीन करोड सत्र लाख सत्तरी हजार) गरी शशर्त अनुदान शिर्षकमा प्राप्त भएको रु.११,९८,७०,०००।- (एघार करोड अन्ठाननब्बे लाख सत्तरी हजार) मध्ये ९३०,८०,०००।- (नौ करोड तीस लाख असी हजार) चालु तर्फ विनियोजित भएको छ भने रकम रु. २,६७,९०,०००।-(दुई करोड सतसठ्ठी लाख नब्बे हजार) पुँजिगत तर्फ विनियोजित भएको छ । विषयगत शाखाको चालु तर्फ रकम रु.८,६७,२६,०००।- (आठ करोड सतसठ्ठी लाख छब्बीस हजार) तथा पुँजीगत तर्फ रकम रु.१३,७४,०००।- (तेह्र लाख चौहत्तर हजार) गरी जम्मा रकम रु.८,८१,००,०००।- (आठ करोड एकासी लाख) विनियोजन गरिएको छ ।

७. आगामि आ.व. ०७५।७६ मा विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु. १,२०,१२,०००।- (एक करोड बिस लाख बाह्र हजार) विनियोजन गरिएको छ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि) तर्फ रकम रु. ७,१५,००,०००।- ( सात करोड पन्ध्र लाख) विनियोजन गरिएको छ ।

पूर्वाधार विकास (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार आदि) तर्फ रकम रु.५,३०,००,०००।- (पाच करोड तिस लाख ) विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन) तर्फ रकम रु.६५,००,०००।- (पैसाठी लाख) विनियोजन गरिएको छ ।

संस्थागत विकास तथा सेवा प्रवाह (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास, अन्यत्र वर्गिकरण नभएका) तर्फ रकम रु.१,५५,००,०००।- (एक करोड पचपन्न लाख ) विनियोजन गरिएको छ ।

बित्तीय व्यवस्थपन तथा सुशासन (सार्वजनिक सुनुवाई, सामाजिक परीक्ष, अन्तीम लेखापरिक्षण) तर्फ रकम रु ३,५०,०००।- (तिन लाख पचास हजार) विनियोजन गरिएको छ ।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (कर्मचारी तथा पदाधिकारीको पारिश्रमिक तथा सुविधा, सेवा महसुल, पूँजिगत सम्पत्तिको संचालन र सम्भार खर्च, कार्यालय सामान तथा सेवाहरु, अन्य व्यक्ति तथा

संस्थालाई सहयता) तर्फ रकम रु ९,६६,९५,०००।- (नौ करोड छैसाठी लाख पन्चानब्बे हजार) विनियोजन गरिएको छ ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका सुर्यगढी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस सुर्यगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुर्‍याउनुहुने सुर्यगढी गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।